# वित्तीय अपराध अनुसन्धान क्षमता अभिवृद्धिसम्बन्धी दुईदिने प्राविधिक सहायता कार्यक्रम सम्पन्न ।

वित्तीय जानकारी इकाईसंगको सहकार्य तथा United Kingdom Technical Assistance Unit (UKTAU), His Majesty Treasury, United Kingdom को प्राविधिक सहयोगमा सम्पत्ति शुद्धीकरण अनुसन्धान क्षमता अभिवृद्धि तथा वित्तीय अपराध अनुसन्धानसम्बन्धी राष्ट्रिय तालिम प्रणाली सुदृढीकरण विषयक दुईदिने प्राविधिक सहायता कार्यक्रम २०८३ असार ३० र ३१ गते काठमाडौंमा सम्पन्न भएको छ ।

नेपाल हाल FATF को Increased Monitoring (Grey List) मा रहेको अवस्थामा Immediate Outcome 7 अन्तर्गत अनुसन्धान निकायहरूको सम्पत्ति शुद्धीकरण अनुसन्धान क्षमता तथा वित्तीय जानकारीको प्रभावकारी उपयोग अभिवृद्धि गर्ने कार्ययोजनालाई सहयोग पुर्‍याउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपालको वित्तीय अपराध अनुसन्धान प्रणालीलाई रणनीतिक तथा कार्यान्वयन तहमा थप व्यावसायिक, समन्वयात्मक तथा दिगो बनाउने विषयमा विशेष छलफल गरिएको थियो ।



कार्यक्रमको उद्देश्य सरकारी तालिम प्रदायक संस्थाहरूबीच समन्वयात्मक र एकीकृत राष्ट्रिय प्रशिक्षण प्रणाली विकास गर्ने, वित्तीय अपराध अनुसन्धानसम्बन्धी पाठ्यक्रम (Curriculum Standards) तयार गर्ने, Training Need Assessment का आधारमा तालिम सञ्चालन गर्ने, Joint Training लाई संस्थागत गर्ने, अनुसन्धान अधिकृतहरूको Continuous Professional Development (CPD) प्रणाली विकास गर्ने, तालिमको Accreditation Framework स्थापना गर्ने तथा दीर्घकालमा नेपालमै राष्ट्रिय वित्तीय अपराध अनुसन्धान प्रशिक्षण प्रणाली (National Financial Crime Investigation Training Ecosystem) विकास गर्ने आदि रहेको थियो ।

कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी नेपाल, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, राजश्व अनुसन्धान विभाग, भन्सार विभाग, वैदेशिक रोजगार विभाग, नेपाल राष्ट्र बैंक, न्याय परिषद् सचिवालय, सहकारी विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, समाज कल्याण परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल कानून व्यवसायी परिषद्, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाई तथा अन्य सम्बन्धित निकायका अधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा वित्तीय जानकारी इकाईका प्रमुख तथा निर्देशक श्री वासुदेव भट्टराई तथा AML/CFT विज्ञ डा. हरिकुमार नेपालले सम्बोधन गर्नुभएको थियो । निर्देशक भट्टराईले नेपाल FATF को सघन अनुगम सूचीबाट यथाशीघ्र बाहिरिन सबै सरोकारवाला निकायहरूको साझा प्रतिबद्धता, प्रभावकारी समन्वय तथा अनुसन्धान क्षमता अभिवृद्धि अत्यावश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले वित्तीय जानकारीको प्रभावकारी उपयोग, अनुसन्धान निकायहरूको क्षमता विकास तथा अन्तरनिकाय सहकार्यलाई सुदृढ बनाउने दिशामा यो कार्यक्रम अर्को महत्वपूर्ण प्रयास भएको बताउनुभयो । डा. हरिकुमार नेपालले FATF Action Plan को प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान अधिकृतहरूको दक्षता अभिवृद्धि, गुणस्तरीय प्रशिक्षण प्रणालीको विकास तथा राष्ट्रिय जोखिममा आधारित अनुसन्धान क्षमताको संस्थागत विकास अपरिहार्य रहेको उल्लेख गर्नुभयो । उहाँले तालिम प्रणालीलाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप विकास गरी दीर्घकालीन रूपमा स्वदेशमै आत्मनिर्भर वित्तीय अपराध अनुसन्धान प्रशिक्षण प्रणाली निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा United Kingdom Technical Assistance Unit का प्रमुख Ms. Alison Kelly तथा विज्ञ Mr. Ian Collins ले बेलायतको वित्तीय अपराध अनुसन्धान प्रणाली, अनुसन्धान अधिकृतहरूको व्यावसायीकरण, Financial Investigator Regulation and Accreditation Regime, Expert Money Laundering Cadre, Proceeds of Crime Inventigation Regime तथा अनुसन्धान अधिकृतहरूको निरन्तर व्यावसायिक विकास सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासहरू प्रस्तुत गर्नुभएको थियो। साथै सहभागी निकायहरूसँग नेपालको वर्तमान अवस्था, क्षमता आवश्यकता, अनुसन्धानका चुनौतीहरू तथा प्रशिक्षण प्रणाली सुधारका सम्भावित उपायहरूबारे विस्तृत अन्तरक्रिया सम्पन्न भएको थियो ।




कार्यक्रमको दोस्रो दिनको दोस्रो सत्रमा सहभागी प्रतिनिधिमण्डलले नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालको अध्ययन भ्रमण गरेको थियो । नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान भ्रमणका क्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान गर्ने अनुसन्धान अधिकृतहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक विशिष्टीकृत तालिम, अनुसन्धानसम्बन्धी पाठ्यक्रम (Curriculum Standards), विभिन्न निकायबीच संयुक्त तालिम (Joint

Training) सञ्चालन, Training Need Assessment (TNA) का आधारमा तालिम विकास तथा अन्तर्राष्ट्रिय अभ्यासअनुरूप तालिम कार्यक्रमहरूको Accreditation सम्बन्धी विषयमा छलफल भएको थियो । छलफलका क्रममा अनुसन्धानमा वित्तीय जानकारीको प्रभावकारी उपयोग, आधुनिक अनुसन्धान प्रविधि तथा अन्तरनिकाय समन्वयलाई संस्थागत गर्ने विषयमा समेत जोड दिइएको थियो ।




त्यसैगरी राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालमा आयोजित छलफलमा न्यायाधीश, सरकारी वकिल तथा अनुसन्धान अधिकृतहरूका लागि सम्पत्ति शुद्धीकरणसम्बन्धी क्षमता विकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउने, अनुसन्धानदेखि अभियोजन र न्यायिक निरूपणसम्म एकीकृत सिकाइ प्रणाली विकास गर्ने, प्रशिक्षण सामग्री तथा पाठ्यक्रमको गुणस्तर अभिवृद्धि गर्ने तथा सम्बन्धित निकायबीच दीर्घकालीन सहकार्य विस्तार गर्ने विषयमा विचार आदानप्रदान गरिएको थियो ।

दुवै छलफलमा अनुसन्धान तथा अभियोजनमा संलग्न विभिन्न निकायका जनशक्तिको क्षमता अभिवृद्धि, अनुसन्धानमा वित्तीय जानकारीको प्रभावकारी उपयोग, एकीकृत राष्ट्रिय प्रशिक्षण प्रणाली विकास तथा सम्बन्धित निकायबीच समन्वित प्रशिक्षण संयन्त्र स्थापना गरी नेपाललाई FATF Action Plan प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको थियो ।